जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३५ अंक ८७ २०८२ साल कात्तिक १४ गते शुक्रबार (31 Oct 2025 Friday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

Log in : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : 'नेपालमा बर्सेनि ५० हजार.. ३ पृष्ठमा : धान थन्क्याउन नपाउँदा ... ३ पृष्ठमा : सन् २०३० भित्र चन्द्रमामा ...

# हामी विरुद्ध भ्रम र भ्रूठो कुरा फैलाइयो : प्रदेशसभा सदस्य साह




**दैनिक समाचारदाता**
**राजविराज, १३ कात्तिक ।**

सासु ससुराले छोरा बुहारीले आफूहरुमाथी गाली गलौज र कुटपीट गर्दै घर निकाला गरेको भिडियो सामाजिक संजालमार्फत सार्वजनिक गरेपछी मधेश प्रदेशसभा सदस्य किरण कुमारी साहले सो कुरामा कुनै सत्यता नरहेको भन्दै प्रतिवाद गरेका छन् ।

विहीवार राजविराजस्थित पत्रकार महासंघ सप्तरीको सभाकक्षमा पत्रकार सम्मेलनको आयोजना गरी मधेश प्रदेशकी सांसद समेत रहेकी किरण कुमारी साह र उनका श्रीमान बिनोद कुमार साहले सासु/ससुराले घर निकाला र कुटपीट गरेको भनी लगाएको आरोपको प्रतिबाद गरेका हुन ।

केही दिन यता समाजिक संजाल तथा विभिन्न सञ्चार माध्यममा सासु शान्ति देवी र ससुरा देवनारायण साहलाई छोरा विनोद र बुहारी किरणले दुर्व्यवहार गरी घर निकाला गरेको भन्दै भ्रमपुर्ण समाचार प्रकाशन र प्रसारण भईरहेको तर्फ हाम्रो गम्भिर ध्यानार्षण भएको छ, प्रदेश सांसद साहले भनिन्- "केही ब्यक्तीको सिमित स्वार्थका लागी फैलाइएको यस्ता भ्रम, टिकाटिप्पणी र नकारात्मक सामग्रीप्रति विश्वास नगर्न सबैमा आग्रह गर्दछु ।"

आफ्नो नन्द माधुरी विपक्षी राजनीतिक दलको समर्थक रहेको र सोही दलका स्थानीय नेता/कार्यकर्ताको उक्साहटमा परी सासु/ससुरा मार्फत आफुहरुको राजनीतिक र सामाजिक जीवन धुमिल पार्ने षडयन्त्र भएको उनले दाबी गरिन ।

आफु प्रदेश सांसदसंगै कानुन व्यवसायी समेत रहेको भन्दै उनले हिंसामा परेकी सयौं महिलालाई निःशुल्क रुपमा वहस पैरवी गरी कुननी उपचार र न्याय दिलाउन सफल भएको बेला अहिले आफै न्याय खोज्नु पर्ने अवस्थामा पुगेको बताइन ।

उनका श्रीमान विनोद इन्जिनियर हुन । श्रीमान संगै पत्रकार सम्मेलनमा आएकी उनले हामी पढेलेखेका एउटा जिम्मेवार दम्पतीबाट उच्च श्रद्धाका पात्र आमा/बुआ/सासु/ससुरा प्रति कहिल्यै त्यस्तो दुर्व्यवहार, घर निकाला जस्तो निच कार्य नभएको र भविष्यमा समेत यस्ता कार्य न हुने दाबी गरिन ।

उनले सपरिवार वस्दै आएको राजविराज ७ स्थित पुर्ख्यौली घर व्यवस्थित गर्ने सवालमा श्रीमान र ससुराबीच भनाभन र त्यसपछि ससुराद्वारा श्रीमान विनोद माथी कुटपीट भएको तर उल्टै दोष छोरा/बुहारीमाथी लगाइएको दाबी गर्दै यी सबैको योजनाकार नन्द माधुरी नै रहेको दाबी गरिन ।

हरेक काममा हस्तक्षेप गर्ने र अस्विकार हुदा सासु/ससुरालाई भ्रुठो कुरा लगाएर घरको माहोल बिर्गाने नन्द माधुरी कै कारण घरको माहोल बिग्रेको उनको कथन छ । विवाद पछि आफै छोरीको घरमा गई वसिरहेका सासु/ससुराले आफु घर निकालामा परेको भन्नु चकित पार्ने विषय भएको उनको भनाई छ ।

श्रीमानलाई कुटेर घाइते बनाउने अनी आफु घाइते भएको नाटक रचेर ससुरा देवनारायण सोही दिन अस्पताल भर्ना भएको उनले सुनाइन । सोही दिन ससुरा साहले बैंकमा दुई पटक फिक्स डिपोजिट समेत गरे, पत्रकार सम्मेलनमा प्रमाणका रुपमा बैंकमा जम्मा गरिएको रकमको भौचार समेत देखाउँदै भनिन्, "सिकिस्त भएर अस्पताल भर्ना रहेका मान्छेले कसरी दुई पटक बैंकमा रकम जम्मा गर्न भ्याँए ? यस्ता पीडाका बावजुद पनि आफु सासु/ससुरा संग मिलेर वस्त तयार रहेको भन्दै उनले पत्रकार सम्मेलन मार्फत घर फर्किन आग्रह समेत गरेकी छिन ।

# प्रहरीमाथि हातपात र ढुंगा प्रहार गर्ने तीन पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, १३ कात्तिक ।**

सप्तरीको शम्भुनाथ नगरपालिका वडा नं. १ मा प्रहरीमाथि हातपात र ढुंगा प्रहार भएको घटनामा संलग्न तीन जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

पक्राउ पर्नेहरुमा सोही ठाउँका ३५ वर्षीय रोहित कुमार चौधरी, २४ वर्षीय शशिकान्त चौधरी र रुपनी गाउँपालिका १ रायपुरका ३६ वर्षीय मिथुन कुमार चौधरी रहेका छन् ।

प्रहरीमाथि हातपात र ढुंगा प्रहार भएको घटनामा संलग्न तीन जनालाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी उपरीक्षक गौतमकुमार केसीले जानकारी दिए । पक्राउ परेका तीनैजना उपर कारवाही प्रक्रिया अगाडी बढाउने उनले बताए ।

बुधबार राति करिब साढे ८ बजे शम्भुनाथ नगरपालिका १ गोबिन्दचोकस्थित एक खाजा पसलमा केही व्यक्तिहरुले ढुंगामुढा गरिरहेको जानकारी आफुलाई आएपछि प्रहरीलाई खवर गरेको वडा अध्यक्ष जिवछ साहले बताए ।

घटनास्थलमा इलाका प्रहरी कार्यालय रुपनीबाट पुगेको प्रहरी टोलीले ढुंगामुढा गर्नेहरुलाई सम्झाउने प्रयास गरेका थिए । तर उनीहरुबाट प्रहरीमाथि नै हातपात र गिट्टी र ढुंगा प्रहार हुँदा दुई जना प्रहरी घाइते भएका छन् ।

घटनामा प्रहरी नायव निरीक्षक तुलसी यादव र प्रहरी जवान रञ्जित यादव घाइते भएका हुन् । तुलसीको टाउको, हात र घुँडामा चोट लागेको छ । उनको मधेश प्रदेश प्रहरी अस्पताल रुपनीमा उपचार भइरहेको छ भने र रञ्जितको सामान्य उपचार गरिएको छ । घाइते प्रहरीको अवस्था सामान्य रहेको प्रहरी उपरीक्षक केसीले बताए ।

# नागरिक उन्मुक्ति पार्टी नेपाल दर्ताका लागि निवेदन

**दैनिक समाचारदाता**
**काठमाडौं, १३ कात्तिक ।**

नागरिक उन्मुक्ति पार्टीबाट अलग भएर रेशम चौधरीले नयाँ पार्टी दर्ताका लागि निवेदन दिएका छन् ।

बिहीबार निर्वाचन आयोगमा ४५ सदस्यीय केन्द्रीय कार्यसमितिसहित उनले नागरिक उन्मुक्ति पार्टी नेपाल दर्ताका लागि निवेदन दिएका हुन् ।

हालै डा. सीके राउत नेतृत्वको जनमत पार्टी छाडेका अब्दुल खानलाई उक्त पार्टीको वरिष्ठ उपाध्यक्ष बनाइएको छ । नाउपा नेपालको महासचिवमा उमाशंकर चौधरी छन् । कार्यसमितिमा रेशम चौधरी आफू पनि छैनन् र परिवारका कसैलाई पनि राखेका छैनन् ।

पार्टी नेतृत्वलाई लिएर विवाद भएपछि रेशम चौधरी नागरिक उन्मुक्ति पार्टीबाट अलग भएका थिए । उनले जेनजी पुस्ताका कबीर सोपलाई अध्यक्षको जिम्मेवारी दिएका छन् ।

जेनजी आन्दोलनपछि जनमत पार्टीका उपाध्यक्ष अब्दुल खानको नेतृत्वमा केही नेताले राजीनामा दिएर निस्केका थिए । अहिले उनी रेशम चौधरीले दर्ता गराएको नागरिक उन्मुक्ति पार्टी नेपालको वरिष्ठ उपाध्यक्ष भएका छन् ।

**सचेत उपभोक्ता बनौं ।**

सामान खरिद गर्दा देहायका विषय एकिन गरौं,

- उत्पादकको नाम, ठेगाना र दर्ता नम्बर,
- वस्तुको उत्पादन र उपभोग गरिसक्नुपर्ने मिति,
- आयातिक वस्तुको हकमा आयातकर्ताको नाम, ठेगाना,
- वस्तुमा भएको मिश्रण, तौल र परिमाण,
- वस्तुको अधिकतम् बिक्री मुल्य,
- गुणस्तर निर्धारण भएको वस्तुको हकमा त्यस्तो वस्तुको गुणस्तर,
- वस्तुको प्रयोग गर्ने तरीका र प्रयोग गर्नु पूर्वको सावधानी।

सामान खरिद गर्दा सकेसम्म बैंकिङ माध्यमबाट भुक्तानी गरौं
भुक्तानी गरेको मूल्य बराबरको बिल अनिवार्य लिऔं !

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### विकास आवश्यक

विकास भन्ने शब्द आफैमा एउटा अर्थपूर्ण रहेको छ। यसले समाज सुधारका साथै शिक्षा, स्वास्थ्य लगायत अति आवश्यक क्षेत्रलाई समेट्ने गर्दछ। तर, सर्वसम्मत रुपले विकास भए त्यसको परिणामले सकारात्मक रुप लिन्छ। यस्ता कार्य गर्नु पूर्व त्यसबारे बिस्तृत अध्ययन तथा सरोकारवाला निकायसँग परामर्श लिएर सुरुवात गर्न सके पक्कै पनि त्यो सफल हुन्छ। सप्तरीको राजविराज नगरपालिका अहिले कार्य क्षमता, दक्षता तथा पहलकर्ताको अभावमा पछाडी पर्दै गएको छ। अहिले विकासको ममलामा केही फड्को मारेपनि खासै उपलब्धी हासिल भने गर्न सकेको छैन्। हाल यहाँको बाटोघाटो, भौतिक पूर्वाधार, अव्यवस्थित बसोवास लगायतमा केही सुधार भएको छ। तर ती सबै कार्यहरु अहिले निर्माणाधीन नै रहेको छ। विगतको तुलनामा यहाँ थोरै भएपनि विकास भएको कुरामा दुइमत नहोला। तर, अन्य नगरको तुलनामा उक्त विकास ज्यादै न्युन छ।

राजविराज भन्दा कान्छा नगरपालिकाहरु अहिले विकासको मामलामा निकै अगाडी बढीसकेका छन्। सप्तरीकै सप्तकोशी नगरपालिका बाटोघाटो निर्माणमा धेरै अगाडी छ। त्यस्तै कंचनरुप अगाडी बढ्ने क्रममा रहेको छ। यसैगरि छिमेकी जिल्लाको लहान नगरपालिका राजविराजको तुलनामा धेरै अगाडी छ। गोलबजार पनि विकासको सन्दर्भमा अगाडी बढिरहेको छ। सुनसरीको इनरुवा नगरपालिका पनि बाटोघाटोको मामलामा निकै अगाडी छ। इटहरीमा त विकासको ओइरो लागेको छ। यी सबै नगरपालिकाहरु राजविराज भन्दा निकै कान्छा हो।

विकासका लागि सबैको सहयोग, सहकार्य र विश्वास आवश्यक पर्दछ। तसर्थ विकासका लागि सबै एकजुट हुनु आवश्यक छ भने सरोकारवाला निकाय पनि पारदर्शी हुनु उत्तिकै आवश्यक छ। अनिमात्र विकासले फड्को मार्ने निश्चित छ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# 'नेपालमा बर्सेनि ५० हजार बढीलाई मस्तिष्कघात'

काठमाडौं, १३ कात्तिक (रासस)।

नेपालमा प्रत्येक वर्ष मस्तिष्कघातका कारण ५० हजारभन्दा बढी मानिस प्रभावित हुने गरेको पाइएको छ। नेपाल पक्षघात सङ्घले गरेको अध्ययनमा प्रत्येक वर्ष नेपालमा मस्तिष्कघातका कारण ५० हजारदेखि ६० हजार मानिस प्रभावित हुने गरेका हुन्।

नेपाल पक्षघात सङ्घका निबर्तमान अध्यक्ष एवम् ग्राण्डी अन्तरराष्ट्रिय अस्पतालका बरिष्ठ न्यूरोलोजिष्ट डा राजु पौडेल नेपालमा प्रत्येक १० मिनेटमा एकजनामा मस्तिष्कघात हुने गरेको बताउनुहुन्छ। "एक जटिल शारीरिक अवस्थाको रूपमा रहेको मस्तिष्कघात मस्तिष्कको कुनै भागमा रक्तसञ्चार नभएमा हुने गर्दछ। मस्तिष्कमा अक्सिजन तथा पोषक तत्वको कमी भएमा रक्त धमनीमा रगत जम्मा भएर अवरोध हुँदा मस्तिष्कले आफ्नो नियन्त्रण गुमाउँछ। यसलाई नै मस्तिष्कघात भनिन्छ। समयमै यसको उपचार नगरे मस्तिष्क सधैँका लागि खराब हुनाका साथै व्यक्तिको मृत्युसमेत हुनसक्छ," डा पौडेल भन्नुहुन्छ।

नेपालमा मस्तिष्कघातको वर्तमान अवस्था र त्यसको उपचारका लागि गरिने उपायको खोजी गर्न सन् २०१७ मा नेपाल पक्षघात सङ्घ स्थापना गरी बिभिन्न कार्यक्रम गरिँदै आइरहेको छ। डा पौडेल मस्तिष्कघातको उपचारका लागि सङ्घले विभिन्न अस्पताल तथा स्वास्थ्य संस्थामा तालिम प्रदान गर्नाका साथै उपचारका लागि अन्तरराष्ट्रिय मापदण्ड तय गर्दै आएको बताउनुहुन्छ।

उक्त सङ्घले भर्खरै विश्वका एक दर्जन बढी मुलुकका ५०० बढी चिकित्सक तथा स्वास्थ्यकर्मीको उपस्थितिमा 'हिमालय अन्तरराष्ट्रिय मस्तिष्कघात सम्मेलन'समेत आयोजना गरेको थियो। उक्त सङ्घले जर्मनीको युनिभर्सिटी हस्पिटल हाइडलबर्गको सहयोगमा नेपाल पक्षघात परियोजनासँग सहकार्य गरी काम गर्दै आएको छ। यस्तै, जिआइजेड, विश्व स्वास्थ्य सङ्गठनलगायत संस्थासँगको सहकार्यमा नेपालको मस्तिष्कघातसम्बन्धी गाइडलाइन तय गर्ने काम गरेको डा पौडेल बताउनुहुन्छ।

सङ्घले मस्तिष्कघातसम्बन्धी निर्देशिका निर्माण गरी सरकारलाई बुझाइसकेको छ। यस्तै, देशभरका अस्पतालको मस्तिष्कघातको अवस्थाबारे सूचीकरण गर्ने, बिरामीको अवस्थाबारे जानकारी राख्नेलगायतका कामसमेत सङ्घले गरेको छ। डा पौडेल मस्तिष्कघात भएकामध्ये एक तिहाइले अकालमा ज्यान गुमाउनुपरेको भन्दै यसलाई भयावह हुन नदिन सरकारले विशेष ध्यान दिनुपर्ने बताउनुहुन्छ। "विश्वमा हरेक चारजनामा एक जनालाई र तीन सेकेन्डमा एकजनालाई पक्षाघातको सम्भावना हुन्छ, यसबाट सजग हुनुपर्छ", उहाँ भन्नुहुन्छ।

विश्वभर प्रत्येक वर्ष मस्तिष्कघातका कारण एक करोड २० लाख मानिस प्रभावित हुँदै आएका छन्। प्रभावितमध्ये ५० प्रतिशतको मस्तिष्कघातका कारण मृत्यु हुने गरेको डा पौडेल बताउनुहुन्छ। विश्वभर मस्तिष्कघात भएकामध्ये १० करोडभन्दा बढीले पुनर्जीवन पाएका छन्।

नेपालजस्तो अल्पबिकसित र बिकासोन्मुख देशमा मस्तिष्कघातको दर बढी भएकाले सरकारले समयमै ध्यान दिनु जरुरी रहेको उहाँको भनाइ छ। नेपालमा अहिले मस्तिष्कघात भएकामध्ये १५ देखि २० प्रतिशतको मृत्यु हुने गरेको तथ्याङ्क रहेको डा पौडेल बताउनुहुन्छ।

उहाँका अनुसार उच्च रक्तचाप, मधुमेह, मोटोपन, धूमपान, निष्क्रिय जीबन पद्धति, असन्तुलित आहार र मुटुको चाल गडबड हुँदा पक्षाघातको सम्भावना हुने भएकाले त्यसप्रति सतर्क रहनुपर्छ। सन्तुलन गुम्नु, अनुहार बाङ्गो हुनु, आँखाको ज्योति अचानक गुम्नु, बोली लरबराउनु, हातखुट्टा लुलो हुनु पक्षाघातको लक्षण भएको र यस्ता लक्षण देखिए चार घण्टाभित्रै अस्पताल पुग्न सके उपचार सम्भव रहेको डा पौडेल बताउनुहुन्छ।

मस्तिष्कघात हुँदा शरीरमा रगत जम्ने भएकाले रगत पातलो बनाउने औषधि प्रयोग गरेर बिरामीको उपचार गर्नुपर्ने र यसका अतिरिक्त बिरामीलाई फिजियोथेरापी गर्नुपर्ने हुन्छ। नेपालमा भौगोलिक बिकटता, सीमित स्रोतसाधन र दक्षजनशक्तिको अभावका कारण पक्षाघातको उपचारमा चुनौतीपूर्ण हुँदै गएको छ। समयमै रोग पहिचान गरेर उपचार गर्न सके उपचार सम्भव रहेको डा पौडेल बताउनुहुन्छ।

अक्टोबर २९ अर्थात् बुधबार विश्वभर विश्व पक्षघात (मस्तिष्कघात) दिवस मनाइएको छ। 'प्रत्येक मिनेट गणना' भन्ने मूल नाराका साथ बुधबार ग्राण्डी अन्तरराष्ट्रिय अस्पताल धापासीमा मस्तिष्कघातसम्बन्धी हाजिरीजबाफ प्रतियोगिता आयोजना गरिएको थियो।

# अन्नपूर्ण आधार शिविरबाट ७२ जना पर्यटकको उद्धार

म्याग्दी, १३ कात्तिक (रासस)।

हिमपातका कारण समस्यामा परेका १७ जना विदेशी सहित ७२ जना पर्यटकहरुलाई सुरक्षाकर्मीहरुको टोलीले म्याग्दीको अन्नपूर्ण आधार शिविरबाट उद्धार गरेको छ।

म्याग्दीदेखि मुस्ताङ जोड्ने धौलागिरि चक्रीय पदमार्गको 'हिडन भ्याली'मा हिउँले बाटो पुरिएपछि समस्यामा परेका पर्यटक उद्धार गर्न मुस्ताङ तर्फबाट सुरक्षाकर्मी टोली परिचालन भएको छ।

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ मा रहेको अन्नपूर्ण आधार शिविरको भ्रमणमा गएका पर्यटकहरु सोमबार रातीदेखिको बर्षा र हिमपातका कारण पैदलमार्ग पुरिएपछि फर्कन नसकेर समस्यामा परेका थिए।

शसस्त्र प्रहरी बल आश्रित गुल्म गलेश्वरबाट प्रहरी निरीक्षक बिनोद पौडेलको नेतृत्वमा गएको सात जना शसस्त्र, तीन जना जनपद प्रहरी र स्थानीय उद्धारकर्मी इन्द्रसिंह शेरचनको टोलीले पर्यटकको उद्धार गरेको हो।

गुल्मपति प्रमुख प्रहरी नायब उपरीक्षक लिलाबहादुर भुजेलले १७ विदेशी सहित ७२ जना पर्यटकहरुलाई आधार शिविरबाट उद्धार गरेर बिहीबार बिहान हुमखोला झारिएको र उनिहरु सकुशल रहेका जानकारी दिनुभयो।

"हिउँले पदमार्ग पुरिएपछि बाटो बिराएका २० जनालाई डोरीको सहायताले उद्धार गरिएको छ," उहाँले भन्नुभयो "उद्धार टोलीले पदमार्गमा थुपिएको हिउँ पन्छाएर सबै पर्यटकलाई सुरक्षित ठाउँमा ल्याएको छ।"

अन्नपूर्ण आधार शिविर जोड्ने मौरिस हर्जोग पदमार्ग खाली बनाएर सबै पर्यटकहरुलाई सकशुल सुरक्षित ठाउँमा ल्याइएको प्रनाउ भुजेलले जानकारीदिनुभयो। बर्षा, हिमपात र मौसम खराब भएपछि समुन्द्रि सतहदेखि चार हजार एक सय ९० मिटर उचाईको आधार शिविर भ्रमणमा गएका पर्यटकहरु बास बसेकै ठाउँमा रोकिएका थिए।

हुमखोला, फुतफुते, साधीखर्क, गुफाँफाट, भुसकेत मेला र पञ्चकुण्डको होटलमा बसेका पर्यटकहरु सुरक्षाकर्मीहरुको सहायतामा फर्किएका छन्। मंगलबार दिनभर हिमपात भएको उक्त क्षेत्रमा बुधबार मौसम सफा भएको थियो भने बिहीबार बिहानदेखि पुन हिउँ पर्न थालेको छ।

म्याग्दीका प्रमुख जिल्ला अधिकारी बद्रीप्रसाद तिवारीले हिमपात र बर्षाका कारण हुन सक्ने सम्भावित जोखिमको आँकलन गरेर सोमबार देखि कात्तिक १४ गतेसम्म अन्नपूर्ण आधार शिविरको भ्रमणमा रोक लगाइएको बताउनुभयो।

खोप्रालेक, घोडेपानी, पुनहिल, मोहरेडाडा लगायत क्षेत्रको भ्रमणमा नजान र सतर्कता अपनाउन प्रशासन तथा अन्नपूर्ण गाउँपालिकाले सार्वजनिक सूचना मार्फत अपिल गरेका छन्।

यसैगरी म्याग्दीको धवलागिरी-४ मुदीमा पर्ने धौलागिरि हिमालको आधार शिबिर हुँदै मुस्ताङको घरपझोङ गाउँपालिका-२ मार्फा जाने क्रममा समुन्द्री सतहदेखि पाँच हजार एक सय मिटर उचाईको 'हिडन भ्याली'मा समस्यामा परेका तीन जना बेलायतका महिला पर्यटक र १२ जना नेपाली पथप्रर्दशक तथा मजदुरहरुको उद्दारका लागि सुरक्षाकर्मीको टोली परिचालन भएको छ।

जोमसोम देखि बुधबार गएको नेपाली सेना, शसस्त्र र जनपद प्रहरीको तालिमप्राप्त सुरक्षाकर्मीहरुको टोली बिहिबार बिहान समुन्द्रि सतहदेखि तीन हजार सात सय मिटर उचाईमा अवस्थित मार्फाको आलुबारी पुगेको मुस्ताङका प्रमुख जिल्ला अधिकारी बिष्णुप्रसाद भुषालले बताउनुभयो।

"पर्यटकको टोली हिडन भ्यालीबाट धम्पुल लेकमा आइपुगेको जानकारी पाएका छौ," उहाँले भन्नुभयो "सुरक्षाकर्मीको टोलीले बाटो बनाउदै लेकतर्फ गइरहेको छ। मौसमले साथ दिएमा दिउँसोसम्म सुरक्षाकर्मी र पर्यटकको भेट हुने अनुमान गरेका छौ।"

जोमसोमस्थित नेपाली सेनाको उच्च शिखर शिक्षालयका सेनानी प्रशान्त बिष्टको नेतृत्वमा १५ तालिमप्राप्त सुरक्षाकर्मीहरु उद्धारमा परिचालन भएका हुन्।

# देशभरका चार सय २८ जनालाई निःशुल्क कृत्रिम हात वितरण गरिने

काठमाडौं, १३ कात्तिक (रासस)।

अपाङ्गता भएका व्यक्तिहरुको क्षेत्रमा क्रियाशील संस्था करुणा फाउण्डेसन नेपालले देशभरका ४२८ जनालाई कृत्रिम हात वितरण गर्ने भएको छ।

फाउन्डेशनले बिहीबार एक विज्ञप्ति जारी गरी जर्मन ह्यान्ड्स प्रोजेक्टको सहकार्यमा सञ्चालन हुने सहयोग अभियानअन्तर्गत पहिलो चरणमा कोशी प्रदेशमा निःशुल्क कृत्रिम हात वितरण गर्न लागिएको जनाएको छ।

फाउण्डेसनका सह निर्देशक दिनेश ढकालले यही कात्तिक १७ गतेदेखि २६ गतेसम्म कोशी प्रदेशको इटहरीमा कार्यक्रम सञ्चालन हुने र त्यस क्रममा २०४ जनालाई निःशुल्क कृत्रिम हात वितरण गरिने बताउनुभयो। हालै कृत्रिम हातको आवश्यकतासम्बन्धी सूचना प्रकाशित गरेकामा देशभरका ४२८ जना सूचीकृत भएका जनाउँदै उहाँले पहिलो चरणमा कोशी प्रदेशका लाभग्राहीहरूलाई प्राथमिकता दिइएको बताउनुभयो।

यस्ता लाभग्राहीमा भोजपुरका १०, इलामका तीन, झापाका ६१, खोटाङका २५, मोरङका १४, ओखलढुङ्गाका १९, पाँचथरका २२, सोलुखुम्बुका आठ, सुनसरीका आठ, तेह्रथुमका दुई र उदयपुरका २५ जना रहेका फाउण्डेशनले जनाएको छ।

"यसरी वितरण तथा जडान गरिने हात हल्का, सहज र प्राकृतिक देखिने खालका छन्। कृत्रिम हात पाएका व्यक्तिहरूले खाना पकाउने, लेख्ने, बस्तु समात्ने, कपडा लगाउने, खेतीपाती तथा व्यावसायिक कामहरूमा सहजता पाउनेछन्", सह निर्देशक ढकालले भन्नुभयो, "पहिलो चरणमा कोशीमा सुरु हुने कार्यक्रममा प्रत्येक दिन २० देखि २५ जना लाभग्राहीलाई दुई समूहमा बिभाजन गरी हात जडान गरिनेछ। यस कार्यका लागि जर्मनी, न्युजिल्याण्ड र युगान्डाका विज्ञहरूको टोली नेपाल आउँदैछ।"

फाउण्डेसनले यस अभियानले हात गुमाएका व्यक्तिलाई पुनः आत्मबल र आत्मनिर्भर जीबनतर्फ फर्काउन मद्दत पुऱ्याउने बिश्वाससमेत लिइएको जनाएको छ। नेपालमा हरेक वर्ष दुर्घटना, करेन्ट, सङ्क्रमण वा अन्य कारणले हात गुमाउने व्यक्तिहरूको सङ्ख्या बढ्दै गएको र हाल देशभर करिब ५० हजारभन्दा बढी व्यक्तिले विभिन्न प्रकारका कृत्रिम अङ्ग प्रयोग गरिरहेको पनि फाउण्डेसनले उल्लेख गरेको छ।

# धान थन्क्याउन नपाउँदा किसान चिन्तित

**गोपालप्रसाद बराल**
महोत्तरी, १३ कात्तिक (रासस) ।

भर्खरै दीपावली र छठसहितका मुख्य पर्व सकेका यहाँका किसान अहिले मुख्यबाली धान थन्क्याउन नपाएर चिन्तित भएका छन् । चाडपर्व सकेर धान काट्ने, चुट्ने र थन्क्याउने मेसोमा लागेका किसानलाई बुधबार मध्यरातपछि लगातार परेको पानीले चिन्तित बनाएको हो ।

महोत्तरीसहितका मधेशका जिल्लामा मङ्गलबार बिहानदेखि मौसम धुम्मिएर बुधबार बिहान सिमसिम पानी परेको थियो । बुधबार दिउँसो घाम लागे पनि मध्यरात कटेपछि झमझम पानी परिरहेपछि खेतमा पाकेको धान काट्न, चुट्न र थन्क्याउन नपाएर किसानको चिन्ता बढेको हो । खासगरी महोत्तरीका उत्तरी क्षेत्रका बर्दिबास, गौशाला र भङ्गाहा नगरपालिका क्षेत्रका किसान अहिले पाकेको बाली थन्क्याउन नपाउँदा चिन्तामा परेका छन् ।

"धान खेतमा पाकेर पहेँलपुर छ, चाडबाड सकेर कार्तौला, थन्क्याउँला भनियो, पानी पो पर्न थाल्यो", भङ्गाहा-५ कर्पुरगञ्जका ६० वर्षीय किसान रामजुलुम बाँतर भन्नुहुन्छ, "पानी पर्दापर्दै काट्न पनि भएन, धान झरेर नोक्सान हुनेभयो ।" हिउँदे धान काटेर केही दिन निहिनमा सुकाउनुपर्नेमा यो पानीले काम बिगारेको बाँतर बताउनुहुन्छ ।

महोत्तरीसहितका मधेशका उत्तरी क्षेत्रमा चाँडै पाक्ने (कात्तिक पहिलो साताभित्र) धान लगाइन्छ । उत्तरी क्षेत्रको माटो बलौटे हुँदा चाँडै रुखिने हुन्छ । यसैले गहुँ, दलहन, तेलहन, तरकारी र उखुबाली चाँडै लगाइने यस भेगमा चाँडो पाक्ने धान लगाइने गरिन्छ । यसपालि बर्खाकालमा लामो समय सुक्खा पर्दा धान रोपाइँ ढिलो भएर यस भेगमा पाक्ने समय कात्तिक दोस्रो साता पुगेको हो ।

महोत्तरीका बर्दिबास, गौशाला र भङ्गाहा नगरपालिका क्षेत्रमा अहिले धान पाकेर पहेँलपुर छ । अधिकांश किसान धान काट्ने मेसोमै लागेका बेला अहिले पानी परेपछि यो काम बिथोलिएको हो । उत्तरी क्षेत्रमा धान पाकेर पहेँलपुर भए पनि मध्य र दक्षिणी क्षेत्रमा भने मङ्सिरमा पाक्ने धान बढी रोपिँदा परेको पानीले त्यति बिगारी नहालेको सो भेगका किसान बताउँछन् ।

"अहिले पानी त चाहिएको थिएन, तर हाम्रोतिर धान पाक्न अझै दुई साता लाग्छ, त्यसैले अहिले परेको पानीले धेरै बिगार नगर्ला", रामगोपालपुर-२ महानपुरका किसान कादिर हुसैन भन्नुहुन्छ, "चोटिलो पानी पऱ्योभने बोटबाटै धान झर्ने डर छ ।"

जिल्लाको उत्तरी क्षेत्रका गौशाला, भङ्गाहा र बर्दिबास नगरपालिकाका बस्तीमा भने अहिले धान काट्ने, निहिन सुकाउने, चुट्ने र थन्क्याउने चटारोकैबीच पानी परेको छ । अहिलेको पानी पनि मध्य र दक्षिणी क्षेत्रभन्दा उत्तरी क्षेत्रमै बढी परेको छ । अब धान काट्ने काम दुई/चार दिनपछि धकेलिएको किसान बताउँछन् । हिउँदे धान काटेर दुई/तीन दिन निहिनमा सुकाउनुपर्ने हुँदा मौसम सफा हुन पर्खनेपर्ने बर्दिबास-९ पशुपतिनगरका किसान महेन्द्र महतो बताउनुहुन्छ । अब धान काट्न हुने ढिलोले गहुँ छर्ने, आलु रोप्ने र दलहन बाली लगाउने कामलाई पनि पछि धकेल्ने चिन्ताले किसान पिरोलिएका छन् । यसैगरी धान काटेर उखु रोप्ने मन बनाएका किसान पनि छटपटिएका छन् ।

अहिलेको पानीले हिउँदे तरकारी रोप्ने, गोडमेल गर्ने र फलेका तरकारी पालोमा टिपेर बजार पुऱ्याउन पनि नदिने किसानको चिन्ता छ । "पानी पर्दैछ, पालोमा टिपेर बजार पुऱ्याउन पर्ने भण्टा, रामतोरिया, घिरौँला, लौका र झिमनी एक दिनमै छिप्पिन्छन्, अनि ढुसी लाग्ने र कीराको आक्रमण पनि बढ्छ", तरकारीखेतीका किसान बर्दिबास-९ पशुपतिनगरका रामविनोद महतो भन्नुहुन्छ, "यो पानी तुक (समय) को भएन ।"

खेतीपाती प्रतिकूलताकाबीच गर्नुपरेको आम किसानको गुनासो छ । कहिले खडेरी, कहिले बेमौसमको वर्षा यी सबै अप्ठ्याराबीच खेतीपाती चलाउनुपरेको किसान बताउँछन् । एउटा कामको समय घर्किदा त्यसले पछिसम्म प्रभाव पार्ने गरेको किसानको अनुभव छ । अहिले जिल्लाकै मुख्यबाली मानिने धान थन्क्याउन अनुकूल समय बिग्रदा चिन्ता थपेको किसान बताउँछन् ।

यसैबीच मधेश प्रदेश सरकारले अहिले बङ्गालको खाडीको मोन्था चक्रवातको प्रभाव मधेशका सबै जिल्लामा पर्ने भनेर सचेत गराउँदै धान काट्ने काम तत्काल नगर्न किसानलाई सचेत गराएको छ । बुधबार मधेश प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको बैठकपछि मुख्यमन्त्री जीतेन्द्र सोनलले अहिले सावधानी अप्नाउन आम प्रदेशवासीलाई सचेत गराउँदै अनुकूल मौसम नहउञ्जेल धान नकाट्न अपिल गर्नुभएको छ ।

"प्रदेश सरकार यसबाट पर्नसक्ने विपद्बारे सचेततापूर्वक तयारीमा लागेको छ, यो अवस्थालाई हल्का नलिनुहोला", मुख्यमन्त्रीले अपिल गर्दै भन्नुभएको छ । यो मौसम अझै दुई दिन रहनसक्ने जनाउँदै प्रदेश सरकारले नदीहरूमा बहाव बढ्नसक्ने हुँदा तटीय क्षेत्रका बासिन्दालाई विशेष सतर्कता अप्नाउन अपिल गरेको छ ।

# प्रतिकूल मौसमले हवाई उडान प्रभावित

काठमाडौँ, १३ कात्तिक (रासस) ।

प्रतिकूल मौसमका कारण मुलुकको हवाई उडान प्रभावित भएको छ । मौसममा आएको खराबीका साथै 'इनरुट वेदर' बिग्रिएकाले त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलबाट हुने आन्तरिक तथा अन्तरराष्ट्रिय दुवै उडान प्रभावित भएका हुन् ।

विमानस्थलका प्रवक्ता रिञ्जी शेर्पाका अनुसार प्रतिकूल मौसमका कारण बिहीबार आन्तरिकतर्फ केही उडान 'डाइभर्ट' हुनका साथै भरतपुर र तुम्लिङटार विमानस्थलको उडान बन्द गरिएको छ । पोखरा विमानस्थल आगमन बन्द छ भने 'डिपार्चर' मात्रै खुलेको छ । काठमाडौँका लागि बिराटनगरबाट उडेको श्री एयरलाइन्सको विमान उतै डाइभर्ट भएको जनाउँदै उहाँले भैरहवाबाट काठमाडौँ उडेको सोही एयरलाइन्सको विमान भैरहवा डाइभर्ट भएको बताउनुभयो ।

प्रवक्ता शेर्पाका अनुसार अन्तरराष्ट्रियतर्फ नेपाल एयरलाइन्सको विमान भारतको नयाँदिल्ली डाइभर्ट भएको छ । इण्डिगो एयरको विमान पनि नयाँदिल्ली डाइभर्ट गरिएको जनाउँदै उहाँले एयर इण्डियाको विमान लखनऊ डाइभर्ट भएको उल्लेख गर्नुभयो । अहिले त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलको भिजिबिलिटी दुई हजार ५०० मिटर रहेको प्रवक्ता शेर्पाले बताउनुभयो । इनरुट वेदर खराबीले आन्तरिक उडानमा समस्या भएको विमानस्थल कार्यालयले जनाएको छ ।

यसैबीच जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाका अनुसार हाल बङ्गालको खाडीमा विकसित चक्रवात 'मोन्था' कात्तिक ११ गते राति भारतको आन्ध्र प्रदेशमा प्रवेश गरेको छ । त्यसपछि उक्त प्रणाली बिस्तारै कमजोर हुँदै उत्तर, उत्तर-पश्चिम दिशातर्फ सर्दै न्यून चापीय क्षेत्रका रूपमा नेपालको मध्यभू-भाग नजिक आएर पूर्वतर्फ सर्दै गरेको छ ।

बिहीबारदेखि यही कात्तिक १५ गतेसम्म नेपालको बाग्मती, मधेस र कोशी प्रदेशको मौसम प्रभावित हुने महाशाखाले जनाएको छ । उक्त प्रणालीको प्रभावले मधेस र कोशी प्रदेशका अधिकांश स्थानमा तथा बाग्मती प्रदेशका केही स्थानमा मध्यम वर्षाको सम्भावना रहेको छ । ती प्रदेशका एक-दुई स्थानमा भारी वर्षाको पनि सम्भावना रहेकाले आवश्यक सर्तकता अपनाउन महाशाखाले सबैमा अनुरोध गरेको छ ।

# प्रधानमन्त्री कार्कीद्वारा भ्रमपूर्ण समाचारप्रति ध्यानाकर्षण

काठमाडौँ, १३ कात्तिक (रासस) ।

प्रधानमन्त्री सुशीला कार्कीले केही दिनदेखि गृहमन्त्री ओमप्रकाश अर्याललाई हटाउन काठमाडौँ महानगरपालिकाका प्रमुख बालेन्द्र शाहले दबाव दिइरहेको भनी विभिन्न सञ्चार माध्यममा आएका भ्रमपूर्ण विवरणहरुप्रति ध्यानाकर्षण भएको जनाउनुभएको छ ।

बिहीबार प्रधानमन्त्री कार्यालयका प्रमुख स्वकीय सचिव आदर्शकुमार श्रेष्ठले प्रेस विज्ञप्ति जारी गर्दै कसैलाई कुनै मन्त्री बनाउने वा हटाउने विषय विशुद्ध प्रधानमन्त्रीको अधिकारक्षेत्रको विषय भएको र कसैको दबाब वा प्रभावमा यस्तो निर्णय हुन नसक्ने उल्लेख गर्नुभएको छ ।

"जेनजी आन्दोलनबाट व्यक्त जनादेशअनुरूप यो सरकार गठन भएको, यो असामान्य परिस्थितिमा राष्ट्रको गहन जिम्मेवारी सम्हाल्न आउनुभएका गृहमन्त्री अर्याल आगामी निर्वाचन सम्पन्न गर्नका लागि वातावरण निर्माण गर्न, शान्ति सुरक्षा कायम राख्न र सुरक्षा संगठनहरूको मनोबल उच्च राख्न अहोरात्र खटिरहनुभएको सबैलाई विदितै रहेको छ", विज्ञप्तिमा भनिएको छ ।

प्रधानमन्त्री कार्यालयले यस संवेदनशील परिस्थितिमा यस्ता अफवाह नफैलाउन र नपत्याउन पनि सम्बन्धित सबै पक्षलाई अनुरोध गरेको छ ।

# सभामा बोल्दैगर्दा ढलेका मजदुर नेता गौतमको निधन

रुपन्देही, १३ कात्तिक (रासस) ।

उद्योगमा विद्युत् कटौती भएको विरोधमा मन्तव्य राख्दै गर्दा ढल्नुभएका नेपाल ट्रेड युनियन महासङ्घ (जिफन्ट) नेपालका उपाध्यक्ष कमल गौतमको मृत्यु भएको छ ।

सिद्धार्थ उद्योग वाणिज्य सङ्घले विद्युत् कटौतीको विरोधमा आयोजना गरेको कार्यक्रममा संस्थागत धारणा राख्नेक्रममा ढलेर जिफन्टका उपाध्यक्ष गौतमको बिहीबार यहाँ मृत्यु भएको हो ।

सम्बोधनको क्रममा विद्युत महशुल भुक्तानी नगरेको निहुँमा लाइन काटिदिँदा २५ हजार श्रमिकको रोजगारी गुमेको तथा उद्योगी व्यवसाय धरापमा परेको भन्दै उहाँ आक्रोसित देखिनुहन्थ्यो ।

'श्रमिकलाई गुमाउन नचाहेको' बताउँदै गर्दा उहाँको बोली लरबरिएको सुनिन्थ्यो भने 'अतःयो कारणले...' भन्दै गर्दा उहाँ ढल्नुभएको र तुरुन्तै अस्पताल पुऱ्याउँदा उहाँको निधन भइसकेको भन्ने दुःखद समाचार सुन्न परेको सिद्धार्थ उद्योग वाणिज्य सङ्घका अध्यक्ष नेत्रप्रसाद आचार्यले जानकारी दिनुभयो ।

सो कार्यक्रममा करिब तीन मिनेट मात्र मन्तव्य राख्न भ्याउनुभएका उपाध्यक्ष गौतम अकस्मात ढल्नुभएपछि करिब १५ मिनेटभित्र नजिकको अस्पताल पुऱ्याइएपनि उहाँको निधन भइसकेको अस्पताल प्रशासनले जनाएको छ ।

बुटवल ज्योतिनगरका ६२ वर्षीय गौतमले मुलुकको ट्रेड युनियन आन्दोलनमा नेतृत्वदायी भूमिका निर्वाह गर्दैआउनुभएको थियो । यस क्षेत्रको १३ वटा उद्योगमा विद्युत् कटौती भएको विरोधमा आयोजित उक्त कार्यक्रममा पनि उहाँले श्रमिक तथा मजदुरकै पक्षमा बोल्नुभएको सङ्घका अध्यक्ष आचार्यले जानकारी दिनुभयो ।

## विश्व समाचार

# सन् २०३० भित्र चन्द्रमामा मानव पठाउने चीनको लक्ष्य

जियुक्वान (चीन), १३ कात्तिक (रासस/एपी) ।

चीनले बिहीबार सन् २०३० सम्ममा आफ्ना अन्तरिक्ष यात्रीहरूलाई चन्द्रमाको सतहमा अवतरण गराउने योजनालाई तीव्ररूपमा अघि बढाइरहेको घोषणा गरेको छ । यो लक्ष्य चीनको दीर्घकालीन उद्देश्य – अन्तरिक्ष अन्वेषणमा विश्व नेतृत्व हासिल गर्ने – को महत्त्वपूर्ण हिस्सा हो । चाइना म्यान्ड स्पेस प्रोग्रामका प्रवक्ता झाङ जिङबोका अनुसार हाल चन्द्रमामा मानव अवतरणसम्बन्धी अनुसन्धान तथा विकासका सबै परियोजनाहरू सुचारु रूपमा अघि बढिरहेका छन् । उहाँले लङ मार्च-१० रकेट, चन्द्र अवतरण पोसाक र अन्वेषण सवारी निर्माणलाई यस दिशामा 'फलदायी उपलब्धि' का रूपमा वर्णन गर्नुभयो । झाङले भन्नुभयो, "सन् २०३० सम्ममा चन्द्रमामा व्यक्ति पठाउने हाम्रो लक्ष्य अटल र स्पष्ट छ ।"

यो घोषणासँगै चीनले आफ्नो तियाङगोङ अन्तरिक्ष स्टेसनमा पठाउन लागेको नयाँ अन्तरिक्ष यात्री टोलीको परिचय पनि गराएको छ । यो मिसन चीनको बढ्दो अन्तरिक्ष क्षमताको अर्को महत्त्वपूर्ण चरण हो । नयाँ चालक दलमा झाङ लु, वु फेइ र झाङ होङझाङ रहनुभएको छ । उहाँहरू आगामी शुक्रबार राति ११:४४ बजे जियुक्वान प्रक्षेपण केन्द्रबाट प्रस्थान गर्नुहुनेछ । झाङ लुले यसअघि सेन्झाउ-१५ मिसनमा सहभागिता जनाइसक्नुभएको थियो भने वु फेइ र झाङ होङझाङका लागि यो पहिलो अन्तरिक्ष यात्रा हुनेछ । उहाँहरूले तियाङगोङ अन्तरिक्ष स्टेसनमा पुगेर करिब छ महिनासम्म अनुसन्धान गर्ने योजना छ ।

यो यात्रामा अन्तरिक्ष यात्रीहरूले दुई नर र दुई पोथीसहित चारवटा मुसा पनि साथ लैजानेछन् । यी जनावरहरूमा भारहीनता र सीमित वातावरणको प्रभाव अध्ययन गरिनेछ, जसले भविष्यको दीर्घकालीन अन्तरिक्ष यात्रामा जैविक अनुसन्धानका लागि मूल्यवान् जानकारी प्रदान गर्नेछ । चीनले सन् २०११ मा अमेरिकी प्रतिबन्धका कारण अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेसन (आइएसएस) बाट अलग भएपछि आफ्नै तियाङगोङ, अर्थात् 'हेभनली प्यालेस', नामक अन्तरिक्ष स्टेसन निर्माणको काम सुरु गरेको थियो । उक्त कार्यक्रम पिपुल्स लिबरेसन आर्मीको प्रत्यक्ष प्राविधिक समन्वयमा सञ्चालन भइरहेको छ, जसले अमेरिकामा राष्ट्रिय सुरक्षासम्बन्धी चिन्ता पैदा गरेको छ ।

तियाङगोङ अहिले पूर्णरूपमा सञ्चालनमा छ र चीनले यसलाई पृथ्वीको कक्षामा दीर्घकालीन वैज्ञानिक प्रयोगशाला बनाउने लक्ष्य लिएको छ । प्रत्येक नयाँ टोलीले त्यहाँ सूक्ष्म गुरुत्वाकर्षण, जैविक अनुकूलन र प्राविधिक परीक्षणमा अनुसन्धान गर्छ । विश्लेषकहरूका अनुसार चीनको सन् २०३० लक्ष्य विश्वका अन्य अन्तरिक्ष शक्तिहरू – अमेरिका र रूस – सँगको प्रतिस्पर्धामा निर्णायक कदम हुनेछ । यदि सबै योजना सफल भए चीन सो समयसम्म चन्द्रमामा मानव अवतरण गराउने दोस्रो देशका रूपमा स्थापित हुनेछ ।

# ट्रम्पसँग व्यापारिक सहमति भएको राष्ट्रपति सीको भनाइ

बेइजिङ, १३ कात्तिक (रासस/एएफपी) ।

चीनका राष्ट्रपति सी जिनपिङले अमेरिकासँग आर्थिक तथा व्यापारिक विषयमा सहमति कायम भएको जानकारी दिनुभएको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग बिहीबार दक्षिण कोरियाको बुसानमा भएको भेटवार्तापछि चिनियाँ राज्य सञ्चारमाध्यम सिन्ह्वाले सो जानकारी दिएको हो । सन् २०१९ पछि पहिलोपटक भएको यो उच्चस्तरीय भेटमा विश्वका दुई ठूला अर्थतन्त्रबीच लामो समयदेखि चल्दै आएको व्यापारिक तनाव अन्त्य गर्न सम्भावित सहमतिको सङ्केत देखिएको छ ।

दुर्लभ खनिज पदार्थदेखि लिएर सोयाबिन र बन्दरगाह शुल्कसम्मका विषयमा चलेको व्यापारिक द्वन्द्वले विगत केही वर्षयता विश्व बजारमा ठूलो अस्थिरता ल्याएको र आपूर्ति शृङ्खलामा अवरोध उत्पन्न गरेको थियो । भेटवार्तामा राष्ट्रपति सी जिनपिङले दुई देशबीच 'क्षेत्रीय तथा अन्तर्राष्ट्रिय मञ्चहरूमा सकारात्मक अन्तरक्रिया हुन आवश्यक' रहेको बताउनुभएको छ । उहाँले दुवै पक्षका वार्ता टोलीहरूले 'महत्त्वपूर्ण आर्थिक र व्यापारिक मुद्दाहरूमा गहिरो विचार-विमर्श गरी तिनको समाधानका लागि सहमति प्राप्त गरेको' उल्लेख गर्नुभएको सिन्ह्वाको उद्धरणमा भनिएको छ ।

यद्यपि, प्राप्त सहमतिका विशिष्ट विवरणहरू सार्वजनिक गरिएको छैन । राष्ट्रपति सीले भन्नुभयो, "दुवै पक्षका टोलीहरूले सकेसम्म चाँडो अनुगमन कार्यलाई परिष्कृत गरी अन्तिम रूप दिनुपर्छ । सहमतिलाई स्थायी र कार्यान्वयन योग्य बनाउँदै चीन, संयुक्त राज्य अमेरिका तथा विश्व अर्थतन्त्रमा स्थिरता ल्याउने ठोस नतिजा प्रस्तुत गर्नुपर्छ ।" राष्ट्रपति ट्रम्पसँगको यो भेटले अमेरिका-चीन व्यापार सम्बन्धमा नयाँ पाना पल्टाउने आशा गरिएको छ । यसको सकारात्मक प्रभाव विश्व अर्थतन्त्रमा पनि पर्ने विश्वास गरिएको छ ।

# पाकिस्तान इस्तानबुलमा अफगान तालिबानसँग वार्ता पुनः सुरु गर्न सहमत

इस्लामाबाद, १३ कात्तिक (रासस/सिन्ह्वा) ।

अफगान तालिबान र आयोजक देशको अनुरोध पछि पाकिस्तानले टर्कीको इस्तानबुलमा अफगान तालिबानसँग वार्ता प्रक्रिया पुनः सुरु गर्न सहमत भएको पाकिस्तानी सुरक्षा स्रोतलाई उद्धृत गर्दै बिहीबार सिन्ह्वाले जनाएको छ । श्रोतले पाकिस्तानी प्रतिनिधिमण्डल, वार्ताका लागि इस्तानबुलमा रहने बताएको छ । "शान्तिलाई अर्को मौका दिन वार्ता प्रक्रिया पुनः सुरु गर्ने निर्णय गरिएको छ" स्रोतले जनाएको छ ।

आगामी चरणको वार्ताले अफगानिस्तानले आफ्नो भूमिबाट सञ्चालित आतङ्कवादी समूहहरू विरुद्ध स्पष्ट, प्रमाणित र प्रभावकारी कारबाही गर्नुपर्ने पाकिस्तानको मुख्य माग रहेको जनाएको छ । पाकिस्तानका सूचना तथा सञ्चार मन्त्री अत्ताउल्लाह तारारले बुधबार इस्तानबुलमा आयोजित पाकिस्तान-अफगानिस्तान वार्ता असफल भएको बताउनु भएको छ ।

# आगजनी तथा लुटपाटमा संलग्नलाई फौजदारी कानुनअनुसार कारबाही गर्नुपर्छ : आयोग अध्यक्ष कार्की

पर्सा, १३ कात्तिक (रासस)।

जेनजी आन्दोलनको घटनासम्बन्धी जाँचबुझ आयोगका अध्यक्ष गौरीबहादुर कार्कीले भदौ २४ गते व्यक्तिगत तथा सार्वजनिक सम्पत्तिमा आगजनी तथा लुटपाटमा संलग्नलाई फौजदारी कानुन अनुसार कारबाही गर्नुपर्ने बताउनुभएको छ ।

आयोगद्वारा बुधबार यहाँस्थित जिल्ला प्रशासन कार्यालयमा आयोजित छलफलमा अध्यक्ष कार्कीले हातहतियार लुटपाट गर्ने र कारागारबाट भागेका कैदीबन्दीलाई कारबाही गर्न भने सरकारले अध्यादेशमार्फत कानुन बनाउनुपर्नेमा जोड दिनुभयो । “सरकारी हातहतियार लुटेका लुटेरालाई विद्यमान कानुनले कारबाही गर्न केही अप्ठेरो रहेछ,” उहाँले भन्नुभयो, “त्यसैले आयोगले उनीहरुलाई आवश्यक कानुनी कारबाही गर्न अध्यादेशमार्फत कानुन ल्याउन अनुरोध गरेका छौँ ।” अध्यक्ष कार्कीले आयोगले कार्यादेश अनुसार निर्धारित समयमै कार्यसम्पादन गर्ने स्पष्ट पार्नुभयो ।

आयोगको टोलीले अहिले जिल्ला-जिल्लामा पुगेर क्षति भएका संरचनाको स्थलगत अनुगमन तथा छलफल गरिरहेको जानकारी उहाँले दिनुभयो । उहाँले भदौ २३ गतेको घटनामा नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनाको भूमिकाका विषयमा पनि आवश्यक कागजात माग्ने र अनुसन्धान भइरहेको बताउनुभयो ।

पूर्व कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसियाले आयोगले सत्यतथ्य छानबिन गरेर राष्ट्रसामु बाहिर ल्याउने जिम्मेवारी पूरा गर्न अनुरोध गर्नुभयो । उहाँले भन्नुभयो, “तपाईंहरूमाथि गहन जिम्मेवारी छ । सत्यतथ्य छानबिन गरेर सही र यथार्थपरक प्रतिवेदन प्रस्तुत गर्न अनुरोध गर्दछु ।”

वीरगञ्ज महानगर प्रमुख राजेशमान सिंहले जेनजीको आवरणमा आगजनी गर्नेलाई अनुसन्धान गरेर कानुनी कठघरामा ल्याउन माग गर्नुभयो । “पर्सामा आन्दोलनकारीको सङ्ख्या कम हुँदाहुँदै पनि व्यक्तिगत तथा सरकारी सम्पत्तिको रक्षा गर्न सकेनौँ,” उहाँले भन्नुभयो, “आन्दोलनको नाममा अराजक गतिविधि गरेर व्यक्तिगत, सार्वजनिक सम्पत्ति लुटपाट र आगजनी गर्नेलाई कडाभन्दा कडा कारबाहीको माग गर्दछु ।”

नेपाल कम्युनिस्ट पार्टी (एमाले)का पर्सा अध्यक्ष डा विश्वम्भरप्रसाद शर्माले व्यक्तिगत र सार्वजनिक सम्पत्ति लुटपाट र आगजनी गर्ने जुनसुकै पार्टीमा आवद्ध भए पनि कारबाही गर्न अनुरोध गर्नुभयो ।

नेपाली कांग्रेसका जिल्ला उपसभापति रामनारायण कुर्मीले जेनजी समूहले भन्दा पनि व्यक्तिगत रिसइवीका कारण जिल्लामा राजनीतिक दलको पार्टी कार्यालय र राजनीतिक दलका नेताहरूको घरमा आगजनी र लुटपाट भएको बताउनुभयो ।

प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदीले पर्सामा भएको क्षतिको विवरणबारे जानकारी गराउनुभएको थियो ।

वीरगञ्ज उद्योग वाणिज्य सङ्घका अध्यक्ष हरि गौतमले भदौ २४ गतेको घटनामा संलग्न दोषीलाई कारबाही गर्न सरकारले कुनै कसर बाँकी राख्न नहुने धारणा राख्नुभयो ।

# शनिबार बिहानसम्म देशका अधिकांश भागमा वर्षा हुने

काठमाडौँ, १३ कात्तिक (रासस)।

‘मोन्था’ चक्रवातले शनिबार बिहानसम्म देशका अधिकांश भागमा वर्षा हुने जल तथा मौसम पूर्वानुमान महाशाखाले बताएको छ ।

कर्णाली र सुदूरपश्चिम प्रदेशमा छिटपुट, अन्य प्रदेशमा मध्यम वर्षा हुने तथा शनिबार बिहानदेखि मात्र मौसम सुधार आउने जल तथा मौसम विज्ञान विभागकी प्रवक्ता विभूति पोखरेलले राससलाई बताउनुभयो । आगामी २४ घण्टा काठमाडौँ उपत्यकाका साथै आसपासका क्षेत्रमा वर्षा हुने जानकारी दिँदै उहाँले सबै स्थानमा निरन्तर वर्षा भने नहुने बताउनुभयो ।

आगामी २४ घण्टामा कोशी, वाग्मती, गण्डकी र कर्णाली प्रदेशका उच्च पहाडी तथा हिमाली भेगमा एकदुई भारी हिमपातको सम्भावना रहेको प्रवक्ता पोखरेलले जानकारी दिनुभयो ।

# चोरी र लुटपाटको अभियोगमा पाँच जना पक्राउ

काठमाडौँ, १३ कात्तिक (रासस)।

जिल्ला अदालत काठमाडौँले उपत्यकाका विभिन्न स्थानमा सुनका सिक्री चोरी तथा लुटपाटमा संलग्न रहेको अभियोगमा पक्राउ परेका पाँच जनाविरुद्ध आठ दिनको म्याद थप गरेको छ । प्रहरी वृत्त स्वयम्भूबाट खटिएको टोलीले नियन्त्रणमा लिई जिल्ला अदालतमा उपस्थित गराएको थियो । म्याद थप अनुमति प्राप्त भई अनुसन्धान भइरहेको जिल्ला प्रहरी परिसर काठमाडौँका प्रहरी उपरीक्षक पवनकुमार भट्टराईले जानकारी दिनुभयो ।

उहाँका अनुसार उक्त प्रकरणमा सिन्धुली, हरिहरगढी गाउँपालिका-६ घर भई हाल भक्तपुर सूर्यविनायक नगरपालिका-५ स्थित तिनधारेमा डेरा गरी बस्ने २८ वर्षीय राज लामा, उदयपुर, ताप्ली गाउँपालिका-४ घर भई भक्तपुर, बस्ने २० वर्षीय विशाल भन्ने दुर्गबहादुर मगर, रामेछाप, लिखु तामाकोसी गाउँपालिका-६ घर भई भक्तपुर, चाँगुनारायण नगरपालिका-२ सल्लाघारीमा श्रीलक्ष्मी ज्वेलर्स सञ्चालन गर्ने ३२ वर्षीय दिलबहादुर विक, बागलुङ, गल्कोट नगरपालिका-२ घर भई काठमाडौँ बूढानीलकण्ठ नगरपालिका-६ सरस्वतीनगर स्थित बागलुङ कालिका ज्वेलर्सका सञ्चालक ४० वर्षीय गोविन्द सुनार, कैलाली लम्कीचुहा नगरपालिका-७ घर भई काठमाडौँ महानगरपालिका-२२ बस्ने २२ वर्षीय दिपेश रसाइली छन् ।

# चाइनिज पेस्तोल र १२ राउण्ड गोलीसहित दुईजना पक्राउ

काठमाडौँ, १३ कात्तिक (रासस)।

काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुको टोलीले चाइनिज पेस्तोल र १२ राउण्ड गोलीसहित दुई जनालाई पक्राउ गरी बुधबार सार्वजनिक गरेको छ ।

पक्राउपर्नेमा नुवाकोट लिखु गाउँपालिका-६ घर भई हाल काठमाडौँ महानगरपालिका-१७ नयाँबजार बस्ने २३ वर्षीय समिर श्रेष्ठ तथा काभ्रेपलाञ्चोक पनौती नगरपालिका-१० खोपासी घर भई काठमाडौँ महानगरपालिका-१६ एलेक्स नेपाली रहेका उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुका प्रवक्ता एवं प्रहरी उपरीक्षक काजीकुमार आचार्यले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, “काठमाडौँको इचङ्गुनारायण मन्दिर एरियामा हतियार देखाइ सर्वसाधारणमा आतङ्क सिर्जना गरेको भन्ने विशेष सूचनाको आधारमा हाम्रो टोलीले काठमाडौँ ढल्कूबाट पक्राउ गरेको हो ।”

पक्राउ परेकाहरुको साथबाट प्रहरीले मोडेल ५४ कल ७.६२-२५ एमएम ५०००००९८ पोलि टेक्नोलोजीज इंक चीन लेखिएको पेस्तोल एक थान, सोही पेस्तोलको खाली म्याग्जिन एक थान तथा ३११-२३ लेखिएको गोली १२ राउण्ड बरामद गरिएको उपत्यका अपराध अनुसन्धान कार्यालयले जनाएको छ ।

निजहरु दुबै जनालाई हातहतियार तथा खरखजनासम्बन्धी कसूर मुद्दामा थप अनुसन्धान तथा आवश्यक कारबाहीको लागि जिल्ला प्रहरी परिसर भद्रकाली, काठमाडौँ पठाइएको प्रवक्ता आचार्यले बताउनुभयो ।

# विपद् व्यवस्थापनको तयारीमा रहन सुरक्षा निकायलाई निर्देशन

काठमाडौँ, १३ कात्तिक (रासस)।

जल तथा मौसम विज्ञान विभागले भोलि बिहीबार अपराह्नदेखि देशका विभिन्न क्षेत्रमा भारी वर्षासम्म हुनसक्ने सूचना जारी गरेपछि नेपाल प्रहरीले सम्भावित विपद् व्यवस्थापनका लागि उच्च तयारीमा रहन मातहतका निकायलाई निर्देशन दिएको छ ।

नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता, प्रहरी नायब महानिरीक्षक विनोद घिमिरेले देशभरका इकाइमा सम्भावित विपद जोखिम आकलन गर्दै समन्वयात्मक रुपमा विपद व्यवस्थापनको तयारीमा रहन निर्देशन दिइएको जानकारी दिनुभयो ।

जल तथा मौसम विज्ञान विभागका अनुसार हाल देशमा पश्चिमी वायुका साथै अरब सागरमा बनेको न्यूनचापीय प्रणाली तथा बङ्गालको खाडीमा विकसित चक्रवात ‘मोन्था’ को आंशिक प्रभाव रहेको छ ।

बङ्गालको खाडीमा विकसित चक्रवात ‘मोन्था’ भारतको आन्ध्र प्रदेशमा प्रवेश गरी विस्तारै कमजोर हुँदै उत्तर र उत्तर पश्चिम दिशामा सर्दै न्यूनचापीय क्षेत्रका रुपमा नेपालको मध्यभूभाग नजिक आएको र त्यसपछि पूर्वतर्फ सर्दै बुधबार रातिदेखि सक्रिय हुँदै शनिबारसम्म नेपालको कोशी, मधेस, बागमती, गण्डकी र लुम्बिनी प्रदेशको मौसम प्रभावित हुने बुधबार साँझ जारी सूचनामा जनाइएको छ ।

जसले कोशी, बागमती र गण्डकी प्रदेशका उच्च पहाडी तथा हिमाली भूभागका धेरै स्थानमा तथा कर्णाली प्रदेशका केही स्थानमा तथा बाँकी पहाडी र हिमाली भूभागका एक/दुई स्थानमा मध्यम हिमपातको सम्भावना छ ।

कोशी र बागमती प्रदेशका उच्च पहाडी तथा हिमाली भू-भागका एक-दुई स्थानमा भारी हिमपातका साथै कोशी, मधेस र बागमती प्रदेशका थोरै स्थानमा भारी वर्षाको पनि सम्भावना रहेको जनाइएको छ । ती क्षेत्रमा दैनिक जनजीवन, पर्वतारोहणलगायत कृषि तथा पर्यटन क्षेत्रमा असर पर्ने सम्भावना रहेकाले आवश्यक सतर्कता अपनाउनुपर्ने विभागका सूचना अधिकारी दिनकर कायस्थले बताउनुभयो । उहाँले शनिबारसम्म नै असर जारी रहने जानकारी दिनुभयो ।

सोही सूचनाका आधारमा नेपाल प्रहरीले पनि तयारी गरेको प्रवक्ता घिमिरेले बताउनुभयो । सशस्त्र प्रहरीले पनि आवश्यक तयारी गरेको जनाएको छ । मधेस प्रदेश सरकारले भने बुधबारै उच्च सावधानी अपनाउने निर्णय गरिसकेको छ ।

# वीरगञ्ज नाकाबाट तीन महिनामा ३८ अर्बको पेट्रोलियम पदार्थ आयात

पर्सा, १३ कात्तिक (रासस)।


चालु आर्थिक वर्षको तीन महिनामा वीरगञ्ज नाका भएर रु ३८ अर्ब नौ करोड मूल्य बराबरको पेट्रोलियम पदार्थ आयात भएको छ । डिजेल, पेट्रोल, लिक्विफाइड पेट्रोलियम ग्यास (एलपिजी), एभिएसन टर्बाइन फ्युल (एटिएफ) र मट्टितेल आयातबाट रु १६ अर्ब १२ करोड राजस्व सङ्कलन भएको छ ।

वीरगञ्ज भन्सार कार्यालयका अनुसार गत आवको तीन महिनाको तुलनामा चालु आवको सोही अवधिमा रकमको आधारमा पाँच थरिका पेट्रोलिम पदार्थको आयातमा रु एक अर्ब छ करोड रकमले कमी आएको आएको छ ।

जबकी गत आवको तीन महिनाको अवधिमा भने रु ३९ अर्ब १५ करोड मूल्य पर्ने पेट्रोलियम पदार्थको आयात हुँदा १६ अर्ब सात करोड राजस्व सङ्कलन भएको छ । भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक विष्णुप्रसाद ज्ञवालीले चालु आवको तीन महिनामा पेट्रोलियम पदार्थको आयातमा केही कमी आएको बताउनुभयो ।

वीरगञ्ज भन्सार कार्यालयका चालु आवको असोज मसान्तसम्म रु१५ अर्ब ७२ करोड मूल्य पर्ने एक लाख ७४ हजार ९२४ किलोलिटर डिजेल आयात भएको छ । सो डिजेल आयातबाट रु छ अर्ब ९६ करोड राजस्व सङ्कलन भएको छ ।

चालु आवको तीन महिनामा रु १० अर्ब ७२ करोड मूल्य पर्ने एक लाख २५ हजार ३८० किलोलिटर पेट्रोल आयात भएको छ । सो पेट्रोल आयात हुँदा रु सात अर्ब नौ करोड राजस्व सङ्कलन भएको छ । चालु आवको तीन महिनाको अवधिमा रु सात अर्ब ४९ करोड मूल्य पर्ने सात करोड ३९ लाख ७७ हजार दुई सय ७१ किलोग्राम एलपि ग्यास आयात भएको छ ।




**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*